# सूचना ।। सूचना ।। सूचना ।।

प्रथम पटक प्रकाशित मिति : २०८०।०५।२७ गते

# “रोजगारी र आय वृद्धि, काठमाडौंको समृद्धि” गौरवको योजना अन्तर्गत तालिम लिन इच्छुक महानगरवासीहरुलाई आवेदन फाराम भर्ने सम्वन्धी सूचना ।।

काठमाडौं महानगरपालिकाको आ.वसु. २०८०।०८१ को स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा वजेटमा महानगर गौरवको योजनाको रुपमा रहेको **“रोजगारी र आय वृद्धि, काठमाडौंको समृद्धि”** योजना अन्तर्गत काठमाडौं महानगरपालिकामा वसोवास गर्ने महानगरवासीहरुलाई लक्षित गरी विभिन्न तालिम, सीपको माध्यमवाट क्षमता अभिवृद्धि गरी विभिन्न पेशा, रोजगार, उद्यमशीलता प्रवर्धन गर्ने र आर्थिक रुपले सशक्त वनाउने उद्धेश्यले तालिम तथा सीप विकास मार्फत क्षमता अभिवृद्धि गर्न इच्छुक महानगरवासीहरुले संलग्न तालिमका सूचीहरुवाट इच्छाइएको तालिम छनौट गर्ने वा आफूले लिन चाहेको तालिमको विषय उल्लेख गरी तालिम माग गर्न सक्नुहुनेछ । यसमा सहभागी हुनका लागि हाम्रो वेव साइट www.kathmandu.gov.np मा रहेको तपशिल बमोजिमको ठेगाना (Link) मा आफ्नो आवेदन फाराम भर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**Link :** *Forms:* https://forms.gle/1MrKWw1aSoh8ZsW8A

**आवेदकको आवश्यक न्युनतम योग्यता**

१. काठमाडौं महानगरपालिकाको स्थायी बासिन्दा, महानगरको करदाता वा महानगर भित्र बसोबास गर्ने नेपाली नागरिक ।
२. १८ बर्ष पुरा भई ६० वर्ष ननाघेको ।
३. अन्य ।

**आबेदन दिनका लागि आवश्यक कागजातहरु**

१. नेपाली नागरिकताको प्रतिलिपि ।
२. शैक्षिक योग्यताको प्रमाणपत्र ।
३. करदाता भए कर तिरेको प्रमाण ।
४. भाडामा बस्ने भए घर बहाल सम्झौता को प्रतिलिपि
५. नागिरकतामा स्थायी ठेगाना अन्यत्र भए बसाइ सराइको कागजात ।

**सामाजिक विकास विभाग**
**काठमाडौं महानगरपालिका**
**कमलादी, काठमाडौं ।**

**सम्पर्कको लागि :**
**नाम : देवकी घिमिरे**
**मो.नं. ९८६०४९६३२३**
**सामाजिक विकास विभाग**